# आठराई त्रिवेणीगाउँ कार्यपालिकाको कार्यालय
## हाङपाङ, ताप्लेजुङ
## १ नं प्रदेश, नेपाल
## दरभाउपत्र वा E-bidding आह्वान को सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७६/१०/२६)

*यस कार्यालयको लागि आ.व. २०७६/०७७ स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सडक स्तरोन्नती तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्र को माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त योग्य निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र* वा E-bidding *को माध्यमबाट दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।*

**शर्तहरु-:**

१. तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) यस गाउपालिकाको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखाको संचितकोष खाता नं २६७०३०४०१८१०२ नगदै बुझाई नगदी रसिद साथ निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको इजाजत पत्र, आय कर तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस गाउँपालिकाको कार्यालय हाङपाङ ताप्लेजुङ बाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औ दिनसम्म खरिद गर्न सकिने छ। खरिद भएका दरभाउपत्र सम्बन्धि कागजात १६ औ दिन दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई यस कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ।

२. उल्लेखित कार्यालयबाट बिक्रि भएका दरभाउपत्र वा E-bidding सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरि दर्ता गर्नुपर्नेछ। दर्ता भएका दरभाउपत्र हरु अन्तिम दर्ता गर्नु पर्ने दिन दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. दरभाउपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि वमोजिम हुनेछ।

४. दरभाउपत्र जमानत यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखाको धरौटी खाता नं २६७०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट क बर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाम मा जारी भएको कार्य प्रयोजन एवम ठेक्का नं अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको) पेश गर्नुपर्नेछ। बैंक मार्फत दरभाउपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ।

५. दरभाउपत्र दाताले दरभाउपत्र मा दररेट भर्दा मूल्य अभिबृद्दी कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्र मा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्टलेखि प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहि छाप भएको हुनु पर्नेछ।

६. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (lead partner) कोहिस्सा कम्तिमा ४०% तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५% हुनु पर्नेछ।

७. दरभाउपत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको मोबाइल नं ९८५२६६०९६० मा सम्पर्क गर्न सकिने छ।

८. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि दरभाउपत्र मा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालो सुचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ। म्याद नाघी आएको, रित नपुगेको र ससर्त पेश भएको दरभाउपत्र हरु मान्य हुने छैन।

९. वोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको ,प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नवाझिएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा नपरेको भनी लिखित कबोल गरेको स्वघोषणा गरेको पत्र अनिवार्य रुपमा वोलपत्रसाथ पेश गर्नुपर्नेछ।

१०.दरभाउपत्र दातालाई दरभाउपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरि कामको बारेमा जानकारी लिन अनुरोध गरिन्छ साथै Pre-bid Meeting सूचना प्रकाशन भएको मितिले ८ औं दिनको २ वजे यस कार्यालयमा हुनेछ।

११.दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ। यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१२.यो सूचना यस कार्यालयको वेबसाइट www.aathraitribenimun.gov.npमा हेर्न सकिनेछ।

१३.देहायका ठेक्का:-

| क्र.सं | सूचना नं:- | ठेक्का नं:- | विवरण | ल.ई.रकम(मू.अ. कर सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PKG-1/SQ/01-076/077 | Atrm/PKG-1/SQ/01-2076/077 | *भुलभुलेबाट चाँगे माबि जोड्ने सडक वडा नम्बर ५* | रु.१८९६८५४.७१/- | रु.५०,०००/- | रु.१,०००/- | दरभाउपत्र | |
| | | | *जस बहादुरको घरबाट बरझ्यांग हुदै मदन्भण्डारी राजमार्ग जोड्ने सडक वडा नम्बर ५* | | | | | |
| | | | *ओख्रेखोला गुइखोला चुवाखोला खण्ड वडा नम्बर ५* | | | | | |
| | | | *थर्पुडाडाबाट नेसुम जाने सडक निर्माण वडा नम्बर ५* | | | | | |
| | | | *ठुटेबर गुम्बाडाडा हुदै आठराई त्रिबेणी मार्ग जोड्ने सडक वडा नम्बर ५* | | | | | |

प्रमुख प्रशासकीय अधिकृत
आठराई त्रिवेणी गाउँपालिका
हाङपाङ, ताप्लेजुङ